## बाहिङ किरात मुलुखिम बार्षिक प्रगति प्रतिवेदन २०६५/०६६

नेपाल विभिन्न जातिहरुको साझा फुलबारी हो । यहाँको आदिवासी जनजातिहरु मध्ये किरात वंशका बाहिङ पनि एक आदिवासी समुदाय हो । बाहिङ जातिको उद्‌गम थलो वल्लो किरात प्रदेशको ओखलढुगां र सोलुखुम्बुको दक्षिण पश्चिममा रहेको छ । ओखलढुगांको रागादिपं, विगुटार, बरुणेश्वर, ओखलढुगां, नारायणस्थान, रुमजटार, सेर्ना, दियाले, माम्खा, रातमाटे, भदौरे, बर्णालु, मोली, केतुके, र वक्सा, गा.वि.स, सोलुखुम्वु जिल्लाको सल्यान, नेचा बतासे गा.वि.स, खोटाङको चिचिङगां सल्ले, लामीडाडाँ -३ चिउरीबास मुजुरखर्क, कस्तुरीसल्ले, अर्खौले, नवलपूर, चिचिगां, भुतर्खक र धारापानी लगायत अन्य जिल्लामा छरीएर रहेका छन् । पुर्खाहरुको भनाई अनुसार बाहिङ पुर्खा खालुवा र रुङबुहरुको ऐतिहासिक जम्को भेट रुमजटारमा भएको मानिन्छ, उक्त क्षेत्र रुङ्बु बाहिङ पुर्खाको नामबाट रुमजटार रहन गएको पुर्खाहरुको भनाई रहदै आएको छ । सो क्षेत्रबाट परम्पारिक सभ्याताको विकास क्रम संगै अन्य क्षेत्रमा घास दाउरा, सिस्नु र पानीको सुविधा भएको भू-भागमा जनसंख्या वृद्धि संगै फैलिएर बसोबास गर्न थालेका हुन् । पहिलो पटक आवाद गरि परापुर्वकालदेखि निरन्तर बसोवास गर्दै आएका आदिवासी बाहिङहरुको आफ्नै भाषा, संस्कृति इतिहास र सामाजिक संरचना र परम्पारिक भूमि रहेको छ । बाहिङ सामुदायका पूर्खाहरु खालुवा, रुङबु, कोक्पु, रेन्दु ह्वासाली, थिए । हाल आएर यी पुर्खाका सन्तानहरु फैलिएर वर्तमान अवस्थामा नेपाल, भारत र भुटान लगायत अन्य विभिन्न ठाउँहरुमा छरिएर वसोवास गर्दैआईरहेका छन् । यी जातिहरुलाई बाहिङ, बायुङ, प्रोचा लो, पाई लो, काई लो, वाई लो, रदु लो, रदि लो लाई बाहिङ भाषा र समुदायको रुपमा चिन्छिन् । जनसंख्यको हिसाबले अन्दाजी ४५ पचास हजार देखि ६५ हजार सम्म रहेको संस्थाको अनुमान छ । जनसंख्या तथ्यङ्क २००१ को आधार हेर्ने हो भने २७६५ मात्र देखाईएको छ तर यो सत्य तथ्य आकलन भएको छैन । यी जातिहरु शैक्षिक, सामाजिक, आर्थिक दृष्टिवाट पिछडिएकोले उनीहरुमा जनचेतना जगाउदै तिनीहरुको प्राकृतिक धर्म, संस्कृति, भाषा, साहित्यको संरक्षण सम्वर्द्धन गर्दै राज्यको सर्वाङ्गीन विकासको मुलप्रवाहमा ल्याउन  अत्यन्त आवश्याक भएकोले यो संस्था संथापना गरिएको हो । वैधानिकरुपमा वि. स. २०६१ सालमा काठमाण्डौं जिल्ला प्रशासन कार्यलयमा दर्ता भएको यस संस्थाको हाल एक वाटा शाखा कार्यलय र १३ गाउ कार्यसमितिहरु छन् । सोलु जिल्लामा सकेसम्म जिल्ला स्तरको कार्य समिति गठन गर्ने योजना रहेको छ । भने क्रमशः गरि खोटाङ, उदयपुर, इलाम, झापा, मोरङ, सुनसरी, संखुवासभा, ताप्लेजुङ, लागायत अन्य जिल्लाहरुमा आवश्यकता अनुसार संगठन विस्तार गर्ने योजना रहेको छ । हामी आशा गर्दछौं सम्पूर्ण बाहिङ दिदि बहिनी तथा दाजु भाईहरुले यसमा साथमा साथ काधमा काध मिलाउनु हुने नै छ ।

**बाहिङ भित्रको (दोचा) थरहरु :-**

वंशजको आधारमा बाहिङ समुदाय भित्र दोचा(थर) यस प्रकार रहेका छन् । थाम्रोचा, हवाजुपाचा, यूम्बुचा, दिबुर्चा, दुङ्मोचा, मुपुचा, रेके(रोके), दिलिङबाचा, पियाचा, रवाल्लोचा, र्म्यासाचा, प्रोङ्मोचा, खारादिबुर्चा, नामर्ब्यासाचा, सेचोचा, लुतिचा, हंगुचा, मोप्लोचा, हवालिन्दी, मुनारी, तोनीमी, सुस्तोचा, रिपोचा, तोलाचा, जैलुङ, मुलिवा, रिनाम्साचा, खारायुल्चा, ग्याल्दार्चा र अन्य जानकारीमा बाँकि हुन सक्छन् । जम्मा ३७ दोचा(थर) भन्दा माथी रहेको छ । यी दोचाहरु विच विवाहबारी हुने गर्दछ ।

## १. संस्थाको सुशासन नीति, आर्थिक नीति, र कर्मचारी नीति बारे छलफल

मिति २० ६५।०४।१८ गतेका दिन संस्थाको असल सुशासन नीति, आर्थिक नीति र कर्मचारी नीति सम्बन्धी छलफल र सदस्यहरुलाई स्पष्ट पारि सो नीतिमा रहेर कुनै पनि काम गर्ने सजिलो होस् भन्ने उदेश्यले संस्थाको महासचिव धिरेन सुस्तोचा बाहिङबाट बाहिङ सहभागीहरुलाई अर्न्तरकृय र यस नितिहरु भित्र रहेका प्रवधानहरुको बारे जानकारी गराउनु भएको थियो । सो एक दिने कार्यक्रमको उदेश्य संस्थागत विकास नीतिगत स्पष्टता गर्न गराउन रहेको थियो, भने सहभागी संख्य १७ जना मध्ये ६ जना महिला र बाँकी पुरुष बाहिङ समुदायहरुको सहभागीता रहेको थियो ।

## २. संस्थाको ३ बर्षे रणनीतिक कार्ययोजना तय

मिति २०६५।०७।२९ र ३० गते दुई दिन सहजकर्ता श्री चन्द्र सिं कुलुङको संस्थागत कार्यनीतिको आधारमा तिन बर्षे कार्ययोजना बनाइयो । जस अर्न्तगत २०६५, २०६६ र २०६७ को लागी बार्षिक कार्ययोजनाको तय गर्न सफल भएको थियो । यसै आधारमा रहि सूचना अर्न्तगत संस्थाको प्रयोजन अर्न्तगत फोन जडान गर्न सफल भएको छ । कार्ययोजना तैयारी गर्न जम्मा २६ जना बाहिङ समुदायको सहभागीता रहेकोमा ६ जना बाहिङ महिला दिदी बहिनीहरुको सहभागीता रहेको थियो । कार्ययोजननामा बनेको बुदाहरुमा बृहत छलफल गरि संस्थाको आवश्यकता, संस्थासंग भएको भौतिक अवस्थाको आकलन, समुदायको आवश्यकता धर्म, संस्कृती संस्कार, संस्थाको उदेश्यमा पुर्नरअवलोकन गरि त्यसमा आधारीत भएर यो रणनीतिक कार्ययोजना तय भएको थियो ।

यसै अर्न्तगत, मिति २०६५।०८। ७ गते एन.जि.ओ फोनिनले दिएको संस्थागत कार्ययोजना तालिमबाट भएको उपलब्धी मुलक संस्थाको कार्ययोजनालाई छलफल गरि अन्तिमरुप दिनको लागी एक दिने छलफल कार्यक्रम सम्पन्न गरियो । यस कार्यक्रममा जम्मा ८ जना मध्ये दुई जना बाहिङ महिलाहरुको सहभागीता गराएको थियो ।

## ३. राज्य पुनः संरचना सम्बन्धी प्रथम छलफल

मिति २०६५।०८। २७ संस्थाको अध्यक्षतामा संस्थाको आयोजनामा राज्य पुनः संरचनामा बाहिङ किरात समुदायको स्वयक्त कस्तो कसरी गर्दा समुदायको भविश्य राम्रो र उनिहरुले चाहेको जस्तो हुन्छ भन्ने विषयमा एक दिने प्रस्तावित बाहिङ भाषिक स्वयत्त बारे छलफल सम्पन्न गर्‍यो उत्त छलफलले प्राप्त प्रस्तावीत विषयहरुको निर्ष्कष अनुसार बृहत किरात स्वयत्त प्रदेश प्राप्ती संर्घष समिति मेख राज बाहिङ(धिरेन) को संयोजकत्वमा ११ सदस्सीय गठन भयो । यस समितिबाट समितिलाई शुझाव दिन ७ सदस्सीय उच्चस्तरीय शुझाव समिति गठन गर्न सफल भयो ।

## ४. राज्य पुनः संरचना, बाहिङ समुदाय र अन्य प्रतिनिधिहरु सहितको एक दिने लेखन गोष्ठी संपन्न ।

मिति २०६५।१०। २५ सनिबार जावलाखेल स्टाफ कलेजको न्यू कन्फरेस हलमा बाहिङ किरात मुलुखिम संस्थाको आयोजनामा १ दिने बृहत किरात संघिय संरचनाको एक दिने लेखन गोष्ठि संचालन गरियो । जम्मा ५७ जना बाहिङ समुदायको सहभागिता, नेपाल किरात कुलुङ भाषा संस्कृति उत्थान संघ किरात जेरो रादु समाजका प्रतिनिधहरु थुलुङ, बान्तावा समुदायको प्रतिनिधि सहितको भेला गराइ संघिय संरचना र संविधानमा यी समुदायलाई समेटिनु पर्ने विषयबारे सहभागीलाई ११

जनाको एक समुहमा विभाजन गरि सहभागिलाई ५ भागमा विभाजन गरि विषय अर्न्तगत लेख्न लगाइ, सहभागीहरुको तर्फबाट प्रतिनिधि मार्फत प्रस्तुत गर्न लगाइ त्यसमा थप्नु पर्ने विषयलाई सहभागी मार्फत सुझाव लिइएको थियो । यस कार्यक्रममा सहजकर्ताको भुमिका मेखराज बाहिङ ज्यूले गर्नु भएको थियो, भने टिपोट र कार्यक्रमको रिर्पोटमा रोहिणी राज बाहिङ, बुद्धराज बाहिङ र मोहनराज बाहिङ ज्यू रहनु भएको थियो । यस लेखनमा बाहिङ समुदायका उच्च बौद्धिक बर्गका भुप राज बाहिङ, मुगामाया बाहिङ, लेख राज बाहिङ, तुलबहादुर बाहिङ, धनराज बाहिङ, संस्थाका संस्थापकहरु, संस्लाहाकारहरु, विद्यार्थीहरु र महिला सबैको सहभागीता गराइएको थियो । सो प्रतिवेदन तैयारी पश्चात संस्थाका महासचिव धिरेन सुस्तोचा बाहिङलाई दस्तावेजीको अन्तिमरुप दिने जिम्मेवारी सुम्पियो ।

## ५. बाहिङ समुदायको पहिचान, अधिकार सहितको सूचिकरण संबन्धि छलपल

मिति २०६५।०२। १६ गते सनिबार संस्थाका निर्णय अनुसार बाहिङ उच्चस्तरीय सूचिकरण सम्बन्धि आधार संस्थाको महासचिव मेख राज बाहिङबाट प्रस्तुत दस्ता छलफल गरि बाहिङ समुदाय लगायत अन्य किराती समुदायको ५ बर्ष देखिको संघर्षबाट नेपाल सरकार द्वारा बनेको सूचिकरण कार्यदललाई बाहिङ किरातहरुको पहिचानका आधारहरु पेश गर्न, मेख राज बाहिङ(धिरेन)बाट प्रस्तुत दस्ता सहभागीबाट संशोधन र परिर्माजन गरि त्यसमा सहभागी २९ जना बाहिङ समुदायबाट आएको सुझावहरुलाई समेटि सो विषयमा अन्तिम रुप दिन बाहिङमा सस्कृतिमा थेसिस गर्नु भएका मुगा माया बाहिङ ज्यूको सुझाव सहित  अन्तिरुप दिई सूचिकरण कार्यदललाई बाहिङ पहिचानको पहलमा अगाडी बढाएको छ । यस कार्यक्रममा ओखलढुंगा र सोलुखुम्बु बाहिङहरुको सहभागीता रहेका थियो । बाहिङ पहिचानका मुख्य आधारहरुकोरुपमा मातृभाषा, संस्कृति संस्कार पाराम्पारिक रितिरिवाज, धर्म संस्काृति, बाहिङहरुको परम्परागत भूमि, भेष भूषा, जनसंख्य, बाहिङ बसोबास क्षेत्र, बाहिङ भित्र पुकारीने आश्थाका भगवान र सृष्टिकर्ता, विवाह परमपरा, परमपरागत गीत, गरगहना, बाजागाजा, हातहतियार, सामाजिक संरचना, दोचा, वंशवाली, लिखितवा अलिखित इतिहास, राजनैतिक प्रकृय, परमपरागत खेति प्रणली, परम्परागत ज्ञान शिप, जन्म संस्कार, मृत्यू संस्कार पौराणिक कथा, कानूनी आधार र विभिन्न काल खण्डमा बाहिङ सम्बन्धि निस्केका लेख रचनाहरु संन्दर्भ सामग्रीहरुको रुपमा पहिचानका आधार मानिएको छ । सो पहिचान दस्ता नेपाल सरकार सूचिकरण कार्यदलले सूचना जारि गरि पेश गर्न गोरखा पत्र मार्फत गरिएको हुदा संस्थाको तर्फबाट अध्यक्ष रामजी ब. बाहिङ र महा सचिव मेख राज बाहिङको टोलीले पेश गरेको छ । यस दस्तालाई जिल्ला र बाहिङ बासोबास रहेको गा.वि.स हरुमा पनि एक एक प्रति पठाइएको छ ।

## ६. राज्य पुनः संरचना र संविधानमा समेटिनु पर्ने सुझाव पुस्तिका नेपाल सरकारका १३ विषयगत समितिलाई बुझाएको थियो ।

मिति २०६५। १०।११ गतेको बृहत किरात स्वयत्त प्राप्ति संघर्ष समितिका संयोजक तथा संस्थाको महा-सचिव श्री मेखराज बाहिङ, सदस्यहरु रोहिणी बाहिङ र मुगा धन बाहिङको टोलीले  नेपाल सरकार मातहतका १३ वटा विषयगत सिमितिलाई राज्य पूनःसंरचनामा बाहिङ समुदायको सुझावलाई सिंहदरबारमा रहेका समितिहरुलाई बुझायो ।

**७. आगलागीमा राहत संकलन गरि सहयोग ।**

मिति २०६५।११।२७ गते ओखलढुंगा मोली ७ खाटा जेरेमा आगलागी भई ११ घर बाहिङ समुदायको घर जलेर नष्ट भएको हुदा उनिहरुको मानवीय उत्थान खाना, आवस र तत्कालीन राहतको लागी विभिन्न संघ संस्थाहरु संग समन्वय गरि आर्थिक, र लत्ताकपडा गरि रु ४५०००। बराबरको राहत सहयोग गरेको गरेको थियो

**८. संस्थाबाट सहभागीता**

संस्थामा विभिन्न कार्यक्रममा सहभागिता किरात खम्बुवान संयूक्त मोचाको अर्न्तकृयमा भेला महिला प्रशिक्षण हल जावलाखेलमा संस्थाबाट धिरेन सुस्तोचा बाहिङ सहभागी हुनु भएको थियो । त्यस्तै विश्व आदिवासी हरुको प्रथम Expert Mechanism on indigenous peoples को भेलामा स्वीजरलैण्डको जेनेभामा, २०६५।०६।१३ देखि १८ सम्म संस्थाको तर्फबाट धिरेन सुस्तोचा बाहिङलाई सहभागी गराइयो । सो भेलामा संस्थाको तर्फबाट मातृभाषामा शिक्षा, आदिवासीहरुको पहिचान, बारे जोड दिइएको थियो । लोकतान्त्रिक संवाद कार्यक्रम समिक्ष गरिएको कार्यक्रममा संस्थाको तर्फबाट मेख राज बाहिङ(धिरेन) सहभागी गर्नु भएको छ । किरात राई यायोक्खा संगको सुचिकरण छलफलमा संस्थाका संल्लाहाकार धन राज बाहिङ, अध्यक्ष रामजी बहादुर बाहिङ, महासचिव र सदस्य कृष्णमाया बाहिङ को सहभागिता रहेको थियो ।

**९. ओखलढुंगा जिल्लामा जनजाति परियोजना(JEIP) अर्न्तगत संस्थाले गर्ने कार्यक्रम संम्पन्न ।**

**छैटौं चरणको कार्यक्रम सम्पन्न**

आदिवासी जनजातिहरुको संस्थागत विकास, राज्यको मुलधारमा समावेश गर्ने उदेश्यले मिति २०६५ भदौ ११, १२, र १३ गतेको दिन ओखलढुंगाको गोरुमारेभञ्ज्यङ्ग स्थित जिल्ला कार्यसमितिको कार्यलयमा ३२ जना विभिन्न प्रतिनिधि मुलक आदिवासी जनजातिहरुको सहभागीतामा सो ३ दिने अन्तराष्ट्रिय श्रम संगठन महासंन्धिको धारा-१६९, जुन आदिवासी जनजातिहरुको अन्तराष्ट्रिय कानूनमा पोख्त बनाई उनिहरुको अधिकारमा टेवा दिनको लागि प्रशिक्षण दिइएको थियो ।

संस्थाका यस सम्बन्धि कार्यक्रम हेर्ने संयोजकको मार्फत सजना बाहिङ सहितको मातहतमा प्रशिक्षक तथा कानूनी बक्ता अमृता थेवे र चन्द्रकुमारी गुरुङ्गद्वारा सो प्रशिक्षण दिइएको थियो । यस प्रशिक्षणमा सबै सहभागीहरुलाई प्रमाण पत्र जिल्ला कार्यसमितिका अध्यक्ष श्री जित बहादुर बाहिङको अध्यक्षातामा वितरण गरिएको थियो ।

**सातौं चरणको कार्यक्रम सम्पन्न**

डेनिस सरकारको (DANIDA HUGHOU) आर्थिक सहयोग, आदिवासी तथा जनजाति गैर सरकारी संस्था महासंघ नेपालको पहलमा र बाहिङ किरात मुलखिम संस्थाले ओखलढुंगा जिल्लास्तरीय आदिवासी हरुको भावि संविधान र सरकारी निकायमा के हुने भन्ने विषयमा कार्यशाला गोष्ठीको आयोजना गरियो । यस गोष्ठिले सरकारी निकाय र राजनैतिक दलहरुमा नीतिगत परिर्वतन सहितको

४३ बुदे मागको बुदा सहभागीबाट तय भएको थियो । सो कार्यक्रममा २५ जना जिल्लामा रहेका आदिवासी जनजातिहरुको प्रतिनिधि मुलक संस्थाहरुको प्रतिनिधिले सहभागी गराइएको थियो ।

**आठौं चरणको कार्यक्रम सम्पन्न**

मिति २०६५ कार्तिक १६ मा यस कार्यक्रममा पूर्व कार्यक्रमले तय गरेको र गोष्ठीबाट आएको ४३ बुदाहरुलाई दस्तावेजीकरण गरि पून: सहभागी गराई त्यसमा रहेको कुन कुन बुदाहरु थप घट गर्नु पर्ने आवश्यक छ ? त्यसको बारेमा छलफल गरि असहमतिका बुदाहरुलाई थप घट गर्ने कार्य सम्पन्न गरि जिल्लामा रहेका राजनैतिक दलहरु जिल्ला प्रसासन कार्यलय, जि.वि.स र अन्य निकायहरुमा मागका बुदा सहितको डेलिगेशन तय गरि डेलिगेशन जाने काम आदिवासीका प्रतिनिधि मुलक संस्थाका प्रतिनिधि लाई सम्पन्न गराईयो । यो चरणको कार्यक्रममा २५ जना आदिवासी सहभागी सहितको प्रतिनिधिहरु सहभागी रहेको थिए ।

**नोऔं चरणको कार्यक्रम सम्पन्न**

मिति २०६५।०७। १७ मा आदिवासी जनजाति सम्बन्धि ४३ बुदाहरुलाई डेलिगेशन समुह तय गरि प्र.जि.अ, जि.वि.स, जि.प्र.का, ने.का, जनमोर्चा, ने.क.पा माओवादी र ने.क.पा. ऐमाले कार्यलयमा माग राखियो । यस डेलिगेशन प्रतिनिधि सहित ३० जना आदिवासी जनजातिहरुको उपस्थित रहेको थियो । यसमा प्रतिनिधित्व जिल्लामा रहेका बुद्धि कुमार हंगु, अध्यक्ष जित बहादुर बाहिङ, केन्द्रबाट धिरेन सुस्तोचा बाहिङ, सजना बाहिङ, हेमालक्ष्मी बाहिङ र देशिन्द्र बाहिङबाट गरिएको थियो

**दशौं चरणको कार्यक्रम सम्पन्न**

संस्थाले संस्थागत विकास र आवश्यक पर्ने रणनितिक कार्ययोजनाको दुइ दिने कार्ययशाला गोष्ठी तय गरि संस्थाको तिन बर्षे कार्ययोजना बनाउन सफल भएको छ । जसले गर्दा संस्थालाई विषय उदेश्य अनुसार सहिरुपमा अगाडी बढाउनको लागी पथ प्रदर्शक बन्न सकेको छ । यस गोष्ठीमा १९ जना बाहिङ समुदायको सहभागीता रहेको थियो ।

**एघारौं चरणको कायक्रम सम्पन्न**

डेनिस सरकारको सहयोग, आदिवासी तथा जनजाति गैर सरकारी संस्था महासंघ नेपाल मार्फत बाहिङ किरात मुलुखिम संस्थाले ओखलढुंगामा आदिवासी जनजातिहरुको सरकारी तथा स्थानिय निकायमा आदिवासी जनजातिहरुको श्रोतमा पहुँच सम्बन्धि एक दिने अर्न्तक्रिय सहितको जनवकाल सम्पन्न गरियो । यस अर्न्तक्रिय र जनवकालतले आदिवासीहरुको श्रोतमा अनिहरुको अवश्थालाई प्रष्ट पारि सरकारी नीति अनुसारको प्रावधानमा आदिवासी जनजातिहरुको अवश्था बारे छर्ललङ्ग बनाइ उनिहरुलाई पहल गर्न सहयोग दिलाएको थियो । यस कार्यक्रममा सहभागी संख्य ८१ जना आदिवासी जनजातिहरुको सहभागिता रहेको थियो ।

## १०. पर्चा पंम्पेल्टे प्रकाशन

संस्था यस बर्ष जिल्लामा आदिवासी जनजातिहरुको सहभागीता र आयोजनामा गोष्ठीबाट आएको ४३ बुदे ँमागहरुको पर्चा वनाइ समुदाय र सम्बन्धित निकायहरुमा पूर्व सूसुचित गर्न छपाई गरेको थियो । साथै बर्तमान अवश्थामा राज्य पून:संरचनामा बाहिङ किरात समुदायको संघिय संरचना सहितको समुदायको विचार नेपाल सरकार अर्न्तगत ११ वटा सुझाव समितिमा बुझाउन र समुदायसम्म पुऱ्याउन ५०० प्रति सुझाव पेटिका संस्थाका सल्लाहाकार धनराज बाहिङको प्रकाशन समितिमा धिरेन बाहिङ, मुगाधन बाहिङको तिन जनाको समितिमा हाते पुस्तिका छपाई ओखलढुंगाको १३ गा.वि.स, सोलुखुम्बुको २ गा.वि.स, सुनसरी जिल्ला र संखुवासभा जिल्लाका बाहिङ समुदायलाई वितरण गरिएको थियो ।

## ११. लोकतान्त्रिक संवाद (Demoracacy Dilogue) कार्यक्रम सम्पन्न ।

आदिवासी तथा जनजाति गैर सरकारी संस्था महासंघको पहलमा यू.एन.डी.पि को आर्थिक सहयोग र बाहिङ किरात मुलुखिमको आयोजनामा ओखलढुंगामा यू.एन.डी.पी को प्रशिक्षण प्रणाली अनुसार प्रशिक्षण प्रशिक्षकको लागी दुई दिन जिल्लास्तरमा प्रत्येक गा.वि.स मार्फत प्रतिनिधि बोलाई सो कार्यक्रमा पहिलो प्रशिक्षण संस्थाबाट मेख राज बाहिङ (धिरेन) बाट दिइएको थियो । तद पश्चात प्रशिक्षण लिएका प्रतिनिधि मार्फत १० वटा गा.वि.स, राँगादिप, विगुटार, बरुणेश्वर, रातमाटे, मोली, केतुके, उँबु, सिस्नेरी, बलखु र दियाले गा.वि.स. हरुमा लोकतान्त्रिक संवाद कार्यक्रम संचालन गरि यसबाट आएको सिमान्तकृत समुदायहरुको सुझाव लाई नेपाल पत्रकार महासंघ मार्फत सरकारलाई बुझाइएको थियो । यस लोकतान्त्रिक संवाद कार्यक्रमको उदेश्य आवज विहिनहरुको आवज, सिमान्तकृत र बहिस्करणमा पारिएका समुदायको विचारहरुलाई बन्ने राज्य पून:संरचना र संविधानमा उनिहरुको विचारलाई समेट्नको लागी सो कार्यक्रम संचालित थियो । यस कार्यक्रममा जिल्लामा रहेका आवाज विहिन समुदाय वाम्बुले, जेरो र बाहिङ समुदायको विचारलाई यस लोकतान्त्रिक संवाद कार्यक्रम मार्फत संचालित गरिएको थियो । समुदायबाट आएको विचारहरुमा किरात स्वयत्त ऐतिहासिक आधारमा जाति, भाषाको आधारमा राज्यको संरचना गरिनु पर्ने संघिय तह तिन तह केन्द्रिय सरकार नेपाल सरकार संघिय सरकार किरात स्वायत्त प्रदेश र स्थानिय सरकार भाषिक इलाका रहनु पर्ने । आदिवासी जनजातिहरुको जल, जमिन, जंगल, जनावर र जडिबुटि आदिवासी जनजातिहरुको उपभोग गर्न पाउने मौलिक हक उनिहरुको हुनु पर्ने मौलिक हक अर्न्तगत समेटिनु पर्ने । शत्तिकृथकीकरणमा राज्यको कुल आम्दानी को श्रोतको ४५ प्रतिशत संघिय प्रदेशलाई दिइनु पर्ने, परराष्ट नीति, मुद्रा र सुरक्षा केन्द्रीय सरकारको मातहत रहने गरि अन्य संघलेको अधिकारमा हुनु पर्ने सुझावहरु आएको थियो ।

## १२. संस्थाबाट पत्रचार

संस्थाको यस बर्ष अन्य सघं संस्थाहरु संगको गतिविधि र समुदाय संगको समन्यात्मक हातेमालोको रुपमा ९४ प्रति पत्रहरु संप्रेसण गरेको थियो । यसर्थ अन्य संघ संस्थाबाट १२ पत्रहरु प्राप्त भएका थिए ।